# स्थानीय निकाय सूचना, शिक्षा तथा संचार कार्यक्रम संचालन कार्यविधि-२०६६

**Guideline for Information, Education & Communication (IEC) Activities to LBs**


नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

श्रीमहल, पुल्चोक, ललितपुर ।

कार्तिक २०६६

# विषय सूची


| *विषय* | *पृष्ठ नं.* |
|---|---|
| १. परिचय | २ |
| २. संक्षिप्त नाम र प्रारम्भ | २ |
| ३. परिभाषा | २ |
| ४. स्थानीय स्वायत्त शासन तथा समुदाय विकास कार्यक्रम (LGCDP) वाट जिविसहरुलाई सूचना, शिक्षा तथा संचार कार्यक्रम संचालन गर्नको लागि अनुदान व्यवस्था | ३ |
| ५. सूचना, शिक्षा तथा संचार कार्यक्रम संचालन गर्नको लागि व्यबस्था गरिएको कार्यक्रमको उद्देश्य | ३ |
| ६. सूचना, शिक्षा तथा संचार कार्यक्रम अन्तर्गतका सूचनाहरु | ४ |
| ७. सूचना, शिक्षा तथा संचार अन्तर्गतका सूचनालाई प्रस्तुत गर्ने तरिका | ५ |
| ८. सूचना, शिक्षा तथा संचार अन्तर्गतका सूचनालाई जनतामा प्रवाह/संचार गर्ने तरिका | ५ |
| ९. सूचना, शिक्षा तथा संचार कार्यक्रम संचालनको लागि स्थानीय निकायले गर्नुपर्ने कार्यक्रम | ६ |
| १०. सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रम बनाउने तथा कार्यान्वयन गर्ने | ७ |
| ११. वजेट निकासा खर्च र लेखापरीक्षण सम्बन्धी व्यवस्था | ८ |
| १२. कार्यक्रम संचालनमा पारदर्शिता | ८ |
| १३. अनुगमन सम्बन्धी व्यवस्था | ८ |
| १४. प्रतिवेदन समीक्षा एवं प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था | ८ |
| १५. विविध | ८ |

# स्थानीय निकाय सूचना, शिक्षा तथा संचार कार्यक्रम संचालन कार्यविधि-२०६६

## Guideline for Information, Education and Communication (IEC) Activities to LBs

### १. परिचय

जराधार तह (Grass-root Level) का जनता विशेष गरी महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजाति, मधेशी, मुस्लिम, पिछडा वर्ग, अशक्त अपाङ्गता भएको व्यक्ति, गरीब-सीमान्तकृत, लक्षित एवं बञ्चित समुदाय, आदि वर्गका व्यक्तिहरुलाई स्थानीय निकायहरुले प्रवाह गर्ने सार्वजनिक सेवाको बारेमा कमै थाहा हुन्छ । स्थानीय निकायहरुले जिल्ला परिषद्, नगर परिषद् एबं गाउँ परिषद्बाट स्वीकृत गरेका योजनाहरुको बारेमा जानकारी गराउन, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बारेमा जानकारी गराउन, स्थानीय निकायले गर्ने योजना तर्जुमा, लिने निर्णय एवं बनाउने नीति नियम, बजेट अनुमान, कार्य संचालन, अनुगमन तथा मूल्यांङ्कन तथा रिपोर्टिङ्गमा समेत उल्लेखित जनसमुदायको सहभागिता सुनिश्चित गर्ने सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २७ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

### २. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम स्थानीय निकाय सूचना, शिक्षा तथा संचार कार्यकम संचालन कार्यविधि - २०६६ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

### ३. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “ऐन” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई जनाउँछ ।

(ख) “नियमावली ” भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई जनाउँछ ।

(ग) “आर्थिक प्रशासन नियमाबली” भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४ लाई जनाउँछ ।

(घ) “सामुदायिक संस्था” भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्थालाई जनाउँछ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको "स्थानीय विकास मन्त्रालय" लाई जनाउँछ ।

(च) "सार्वजनिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमाबलीको नियम २०१ (२) बमोजिम विकास कार्यक्रममा भएको लगानीको सरोकारवालाले गर्ने लेखाजोखालाई जनाउँछ ।

(छ) "LGCDP" भन्नाले स्थानीय स्वायत्त शासन तथा समुदायिक विकास कार्यक्रमलाई जनाउने छ ।

(ज) "MC/PM" भन्नाले न्यूनतम शर्त तथा कार्यसम्पादन मापनलाई जनाउँछ ।

## ४. स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम (LGCDP) बाट जिविसहरुलाई सूचना, शिक्षा तथा संचार कार्यक्रम संचालन गर्नको लागि अनुदान व्यवस्था

LGCDP मार्फत ७५ बटै जिल्ला विकास समितिलाई अनुदानको रुपमा निश्चित रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

## ५. सूचना, शिक्षा तथा संचार कार्यक्रम संचालनको लागि व्यवस्था गरिएको अनुदानको उद्देश्य

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट जिविसहरुलाई प्रदान गरिने सूचना, शिक्षा तथा संचार कार्यक्रम सम्बन्धी अनुदानको उद्देश्य यस प्रकार रहेको छः

(क) स्थानीय निकायको कार्य पद्दतिको बारेमा स्थानीय जनता विशेष गरी महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजाति, मधेशी, मुस्लिम, पिछडा वर्ग, अशक्त अपाङ्गता भएको व्यक्ति, गरीब-सीमान्तकृत, लक्षित एवं बञ्चित समुदाय, आदि वर्गका व्यक्तिहरुलाई अवगत गराउन ।

(ख) स्थानीय निकाय तथा सामुदायिक विकास कार्यक्रमको समुच्च कृयाकलाप, जिम्मेवारी तथा भूमिका र यो कार्यक्रमबाट स्थानीय सरकारमा पठाइएको रकमको बारेमा स्थानीय जनता विशेष गरी महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजाति, मधेशी, मुस्लिम, पिछडा वर्ग, अशक्त अपाङ्गता भएको व्यक्ति, गरीब-सीमान्तकृत, लक्षित एवं बञ्चित समुदाय, आदि वर्गका व्यक्तिहरुलाई अवगत गराउन ।

(ग) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमद्धारा संचालित योजनाहरुको कार्यान्वयनमा जराधार तहका समुदायको संलग्नता सुनिश्चित गर्न ।

(घ) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमद्धारा उपलब्ध गराइने थप अनुदान रकममा जराधार तहमा रहेका गरीब तथा पिछडिएका वर्गको पहूँच सुनिश्चित गर्न ।

(ङ) स्थानीय निकायको सम्पूर्ण कृयाकलापमा पारदर्शिता कायम गर्न ।

(च) स्थानीय निकायलाई स्थानीय जनताप्रति उत्तरदायी बनाउन ।

(छ) स्थानीय निकाय, गैह्र सरकारी संस्था, बिषयगत कार्यालय तथा अन्य निकायको शासन विधिमा स्थानीय जनताको भूमिका, अधिकार र उत्तरदायित्व प्रबर्द्धन गर्न ।

## ६. सूचना, शिक्षा तथा संचार कार्यक्रम अन्तर्गतका सूचनाहरु

यसमा मुख्य गरेर निम्न लिखित सूचनाहरु पर्दछन् :

(क) स्थानीय सरकारको संस्थागत व्यवस्था, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, विकेन्द्रीकरण नीति, आदि ।

(ख) नागरिक वडापत्र (Citizen Charter)

(ग) स्थानीय सरकारको बजेट तथा विभिन्न योजनाहरुमा छुट्याइएको रकम ।

(घ) स्थानीय सरकारको आय (Revenue) तथा व्यय (Expenditure) को विवरण ।

(ङ) लेखापरीक्षणको प्रतिवेदन ।

(च) MC-PM को नतिजा ।

(छ) स्थानीय सरकारबाट संचालित विभिन्न योजनाहरु र यी योजनामा सम्मिलित भएका संस्था तथा समुदायको विवरण ।

(ज) लैङ्गिक समानता (Gender Equality) तथा सामाजिक समावेशीकरण (Social Inclusion) सम्बन्धी बजेट तथा कार्यक्रम ।

(झ) महिला र पछाडि परेको वर्गहरुको नेतृत्व विकास, सशक्तिकरण कार्यक्रम र विकासको कार्यमा महिला र पछाडि परेको वर्गहरुको भूमिका र जिम्मेवारी, अधिकारमा आधारित विकासको अवधारणा सम्वन्धी जानकारी

(ञ) मानव अधिकार (Human Rights) सम्बन्धी जानकारी । लैङ्गिकतामा आधारित हिंसा र विभेदयुक्त प्रचलन, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन सम्वन्धी कार्यक्रम, महिला सम्वन्धी मानव अधिकार, नीति, कानुन आदिबारे चेतना अभिवृद्धि कार्यक्रम सम्वन्धी जानकारी ।

(ट) महिला र पछाडि परेको वर्गहरुका सञ्जालका नेतृत्व विकास र विकासमा पहूँच वृद्धि गर्ने ज्ञान र सीपको विकास, सूचना र सञ्चारमा महिलाहरुको सहभागिता र पहुँच वृद्धि गर्ने कार्यक्रम सम्वन्धी जानकारी ।

(ठ) सार्वजनिक लेखा परीक्षण (Public Audit) तथा सामाजिक लेखा परीक्षण (Social Audit) बारे ।

(ड) पिछडिएका वर्गको उत्थान सम्बन्धी कार्यक्रम ।

(ढ) स्थानीय निकाय, विषयगत कार्यालय, गैर सरकारी संस्था तथा निजी क्षेत्रहरुको कार्यविधि (Procedure) तथा कार्य प्रकृया (Process) देखाउने सूचना ।

(ण) स्थानीय निकायले गरेका निर्णयहरु प्रकाशन तथा प्रसारण ।

(त) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) र जिल्लामा संचालित अन्य कार्यक्रम सम्बन्धी जानकारी ।

(थ) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम एवं अन्य कार्यक्रमबाट स्थानीय निकायलाई प्राप्त हुने अनुदान रकम  बारे ।

(द) DTMP, आवधिक योजना र अन्य क्षेत्रगत योजना सम्बन्धी जानकारी ।

(ध) जिल्लाको सम्पूर्ण वस्तुस्थिति झल्कने विबरण ।

(न) स्रोत नक्साङ्कन सम्बन्धी विबरण ।

(ट) योजना तर्नुमा, जनसहभागिता, आर्थिक कारोवार, आदि बारे ध्यान दिनैपर्ने आधारभूत कुरा संक्षिप्त र स्पस्ट सन्देश मार्फत प्रवाह गर्ने ।

## ७. IEC अन्तर्गतका सूचनाहरुलाई प्रस्तुत गर्ने तरिका

उल्लेखित सूचनाहरुलाई जराधारतहमा बस्ने, विभिन्न शैक्षिक स्तर भएका, स्थानीय भाषामात्र बुझ्ने र यस्तै प्रकारका अन्य अवस्थामा रहेका जनतालाई बुझाउन निम्न लिखित तरिकाहरु अपनाउन सकिन्छ ।

(क) सूचनालाई सडक नाटक (Street Drama) को रुपमा मंचन गरेर ।

(ख) स्थानीय वासिन्दाले बुझ्ने भाषामा सांगितिक कार्यक्रम आयोजना गरेर ।

(ग) स्थानीय स्तरका समाचार पत्रमा स्थानीय जनताले बुझ्ने गरी विज्ञापन छपाएर ।

(घ) स्थानीय जनताले सजिलै बुझ्ने गरी साहित्यिक एवं सास्कृतिक कार्यक्रम संचालन गरेर ।

(ङ) स्थानीय भाषामा ब्रोसियर एवं पोष्टर छपाएर ।

(च) स्थानीय स्तरको सूचना पात्रो (News Letter) मा छपाएर ।

(छ) स्थानीय स्तरका बार्षिक रुपमा छापिने डायरीको मार्फतबाट ।

(ज) स्थानीय स्तरका कार्यक्रम सम्बन्धी अन्तरकृया गरेर ।

## ८. IEC अन्तर्गतका सूचनालाई जनतामा प्रवाह/संचार गर्ने तरिका

IEC अन्तर्गतका सूचनाहरुलाई समेटेर बनाइएको शैक्षिक सामाग्रीलाई निम्न उल्लेखित माध्यमबाट जराधार तहका जनतामा प्रवाह गर्न सकिन्छ :

(क) छापाका माध्यम (Print Media) हरुबाट, जस्तै : स्थानीय/क्षेत्रीय/राष्ट्रिय स्तरका पत्र पत्रिका, जर्नल, पुस्तक, आदि ।

(ख) स्थानीय स्तरमा संचालित स्थानीय भाषाका एफ.एम. रेडियो ।

(ग) स्थानीय/क्षेत्रीय/राष्ट्रिय स्तरमा संचालित टेलिभिजन ।

(घ) साधारण पढे लेखेको मान्छेले बुझ्नेगरी कम्प्युटरमा बनाइएको Web-Site ।

(ङ) स्थानीय निकाय र स्थानीय जनताबीच समय समयमा समीक्षा गरेर ।

## ९. IEC कार्यक्रम संचालनका लागि स्थानीय निकायले गर्नुपर्ने कार्यक्रम

यस कार्यविधि भित्रको अधिनमा रही स्थानीय निकायले IEC सम्बन्धी निम्न कार्यहरु चाँडो भन्दा चाँडो अगाडि बढाउन सक्छ ।

**(क) IEC सम्बन्धी बार्षिक योजना तर्जुमा गर्ने**

प्रत्येक स्थानीय निकायले IEC सम्बन्धी के के काम गर्ने हो सो को एकमुष्ट रुपमा योजना तथा कार्यक्रम बनाई अगाडि बढ्नु पर्दछ । यस्ता योजना बनाउँदा माथी उल्लेखित सूचनाका अतिरिक्त निम्न सूचना समेत समेट्ने गरी कृयाकलाप तयार गर्नु पर्दछ :

(अ) स्थानीय निकायमा प्राप्त अनुदान रकम ।

(आ) स्थानीय निकायको लैङ्गिक समानता (Gender Equity) र सामाजिक समावेशीकरण (Social Inclusion) सम्बन्धी सूचना ।

(इ) स्थानीय निकायले लिएको निर्णयको कार्यान्वयनको अवस्था ।

(ई) पिछडिएका वर्ग (DAG) को नक्साङ्कन ।

(उ) सामाजिक परिचालन नक्साङ्कन ।

**(ख) प्रचार प्रसारको लागि छापा माध्यमको व्यवस्थापन**

IEC सम्बन्धी प्रचार प्रसारका सामानहरु उपयुक्त छापा माध्यमहरुको पहिचान गरी उक्त माध्यमहरुसंग अल्पकालीन वा दीर्घकालीन अवधिको लागि प्रचार प्रसार सम्बन्धी सम्झौता पत्र / संस्मरण पत्र (MOU) गर्न सकिन्छ । यस्ता छापाका माध्यमहरुमा :

(अ) राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरका पत्र-पत्रिका, म्यागजिन, जर्नल, समाचार पत्र, आदि ।

(आ) यसरी छानिएका पत्र पत्रिकाको डिजाइनिङ्ग गर्ने, छाप्ने तथा उत्पादन गर्ने क्षमता गुण स्तरको भए नभएको एकिन गर्नु पर्नेछ ।

**(ग) श्रब्य-दृष्य माध्यमको प्रयोग एवं व्यवस्थापन**

प्रचार प्रसारका सामानहरु थप प्रभावकारी बनाउन श्रव्य-दृष्य माध्यमको प्रयोग गर्नु उपयुक्त हुन्छ । यस्ता श्रव्य-दृष्यका माध्यमहरु निम्न अनुसारका हुन सक्दछन् :

(अ) राष्ट्रिय एवं क्षेत्रीय स्तरको टेलिभिजन ।

(आ) क्षेत्रीय एवं स्थानीय स्तरको एफ.एम. रेडियो एबं टेलिभिजन ।

(इ) श्रब्य-दृष्य प्रयोग गरेर बनाएको डकुमेन्टरीहरु ।

**(घ) कार्य क्षेत्रमा नियमित भ्रमणको व्यवस्था (Field Visits)**

स्थानीय निकायले गरेका कार्यहरुको नियमित रुपमा अनुगमन तथा मूल्यांकन गराउनु पर्दछ । यस्को लागि राष्ट्रिय, क्षेत्रीय एवं स्थानीय स्तरका पत्रकार एवं मिडियालाई कार्य क्षेत्रमा लगि भए गरेका कामहरुको अवलोकन गराउन सकिन्छ ।

**(ङ) सूचना प्रणालीलाई चुस्त राख्ने**

स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरी श्रोत साधन सम्पन्न गराउनु पर्दछ । सूचना केन्द्रमा भएका सूचनालाई समय अनुरुप अध्यावधिक गर्नु पर्दछ । सूचना केन्द्रमा राखिएका सम्पूर्ण सूचनालाई छापाका माध्यम वा श्रव्य-दृष्यका माध्यमबाट साधारण जनताले बुझ्ने गरी प्रचार प्रसार गराउनु पर्दछ ।

**(च) Web-Site खडा गरी नियमित प्रयोगमा ल्याउने**

प्रत्येक स्थानीय निकायले Web Site स्थापना गरी आफुले गरेका कार्यहरुलाई प्रचार प्रसार गराउनु पर्दछ । यी Web Site हरु समय अनुरुप अध्यावधिक गर्ने तथा नियमित प्रयोगमा ल्याउने ब्यबस्था मिलाउनु पर्दछ ।

## १०. IEC सम्बन्धी कार्यक्रम बनाउने तथा कार्यान्वयन गर्ने

IEC सम्बन्धी अनुदानबाट संचालन हुने कार्यकमहरु सम्बन्धित स्थानीय निकायको परिषदबाट स्वीकृत भएको हुनु पर्ने छ ।

**कार्यकमको कार्यान्वयन :**

- जिल्ला परिषद्वाट स्वीकृत वजेट तथा कार्यक्रमको आधारमा आर्थिक वर्ष सुरु हुनु अगावै IEC कार्यक्रम कार्यान्वयनको समष्टिगत बार्षिक कार्यकम (Annual Work Plan) तयार गरी जिल्ला विकास समितिबाट स्वीकृत गराउनु पर्नेछ । बार्षिक कार्यकम स्वीकृत नगरी कुनै पनि कार्यमा खर्च गर्न पाईने छैन ।
- वजेट तथा कार्यक्रमको कार्यान्वयन गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनु पर्दछ ।

## ११. वजेट निकासा खर्च र लेखापरीक्षण सम्बन्धी व्यवस्था

LGCDP मार्फत निकासा हुने वजेट अर्थ मन्त्रालय कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत जिल्ला विकास कोष (DDF) मा प्राप्त हुनेछ । यसरी प्राप्त रकम जि.वि.स.को संचालन खातामा राखी खर्च गर्नुपर्नेछ । IEC सम्बन्धी खर्च भएको रकमको छुट्टै लेखा राख्नु पर्नेछ ।

(क) IEC कार्यकमको लेखा सम्बन्धी सम्पूर्ण जिम्मेवारी जिल्ला विकास समितिको कार्यालयमा रहने छ र यसको लेखा र व्यवस्था स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली २०६४ बमोजिम हुनेछ ।

(ख) IEC कार्यकमको लेखा परीक्षण जिल्ला विकास समितिलाई नेपाल सरकार बाट प्राप्त हुने पूँजीगत विकास अनुदानको प्रक्रिया बमोजिम नै हुने छ ।

## १२. कार्यकम संचालनमा पारदर्शिता

- IEC अनुदान अन्तर्गत संचालित सम्पूर्ण कार्यकमहरुको नाम, विनियोजित बजेट, कार्यकम संचालन गर्ने जिम्मेवार व्यक्तिको नाम सहितको विवरण अनिवार्य रुपमा जिविसको web site मा राख्नुपर्नेछ ।

## १३. अनुगमन सम्बन्धी व्यवस्था

स्थानीय स्वायत्त शासन नियमाबलीले व्यवस्था गरेको अनुगमन तथा सुपरीवेक्षण समिति क्रियाशील नभएसम्म कार्यक्रमहरुको अनुगमनका लागि जिल्ला विकास समितिले संयन्त्रको विकास गरी प्रभावकारी अनुगमन गर्नु पर्ने छ ।

## १४. प्रतिवेदन समीक्षा एवं प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था

- स्थानीय निकायले स्थनीय स्वायत्त शासन ऐन, नियम वमोजिम कार्यक्रमको मासिक, चौमासिक र वाार्षिक रुपमा प्रगति समीक्षा र मूल्यांकन गर्नुपर्नेछ ।

## १५. विविध

(क) यस कार्यविधि विपरित काम गरेको पाईएमा सम्बन्धित पदाधिकारी जवाफदेही हुनुपर्ने छ ।

(ख) यस कार्यविधिमा समावेश भएका विषयहरु यसै कार्यविधि बमोजिम र यसमा नपरेका विषय जिविस अनुदान संचालन कार्यविधि, २०६६ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

ग) यस कार्यविधिमा स्थानीय विकास मन्त्रालयले आवश्यकता अनुसार थपघट तथा अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

(घ) स्थानीय निकायले IEC कार्यक्रमको प्रबर्द्धनको लागि सम्पुरक कोषको लागि कम्तिमा २० प्रतिसत रकम छुट्याउनु पर्दछ ।

(ङ) यस कार्यविधिका कुनै प्रावधान स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।